# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### ०६२ सालको अध्यादेश नं. १९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणवाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना: मुलुकले अङ्गिकार गरेको उदार अर्थतन्त्रको नीति अनुरुप पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा हस्तान्तरणमा निजी क्षेत्रलाई संलग्न गराई सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलव्ध गराउने सम्वन्धमा तत्काल आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेववाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "पूर्वाधार सरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी अध्यादेश, २०६२" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "पूर्वाधार संरचना" भन्नाले सडक, सुरुङ्ग मार्ग, पुल, खानेपानी संरचना वा प्रशोधन, अस्पताल, नहर, विद्युत उत्पादन गृह, विद्युत प्रसारण लाइन, केबुलकार लाइन, रेल्वे लाइन, ट्रलीबस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनीस्थल, विमानस्थल, प्रदर्शनी स्थल, पार्क, जलासय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, उर्जा उत्पादन तथा वितरण, रङ्गशाला, सार्वजनिक सभागृह, बहु आवासीय भवन वा सार्वजनिक गोदाम घर सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(ख) "परियोजना" भन्नाले पूर्वाधार संरचनाको निर्माण वा सञ्चालन गर्न यस अध्यादेश बमोजिम कार्यान्वयन गरिने परियोजना सम्झनु पर्छ ।

(ग) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापन गर्ने कार्य सम्झनु पर्छ ।

(घ) "पुनर्स्थापन" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुर्ननिर्माण गरी पुनर्स्थापन गर्ने काम सम्झनु पर्छ ।

(ङ) "सञ्चालन" भन्नाले पूर्वाधार संरचनाको सञ्चालनको लागि आवश्यक पर्ने व्यवस्थापनको काम समेतलाई जनाउँछ ।

(च) "मनसायपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा ४ बमोजिम माग गरिएको मनसायपत्र सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले परियोजनाको सभाव्यता अध्ययन, इन्जिनियरिङ्ग डिजाइन कार्य र त्यसको लागि गरिने अन्वेषण समेतलाई जनाउँछ।

(ज) "प्रस्ताव" भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तयार गरिएको योजना, कार्यक्रम तथा तत्सम्बन्धी अन्य विवरण सम्झनु पर्छ।

(झ) "प्रस्तावक" भन्नाले दफा ६ बमोजिम प्रस्ताव पेश गर्ने वा दफा ९ को उपदफा (२) बमोजिम निवेदन दिने व्यक्ति सम्झनु पर्छ।

(ञ) "सम्झौता" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा १३ वमोजिम प्रस्तावकसँग गरिएको सम्झौता सम्झनु पर्छ।

(ट) "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा १६ वमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(ठ) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ड) "वोर्ड" भन्नाले शुल्क पुनरावलोकन गर्न दफा ३५ वमोजिम गठन भएको शुल्क पुनरावलोकन बोर्ड सम्झनु पर्छ।

(ढ) "शुल्क" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलव्ध गराए वापत उपभोक्तासँग लिन पाउने सेवा शुल्क सम्झनु पर्छ।

(ण) "उपभोक्ता" भन्नाले यस अध्यादेश वमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति सम्झनु पर्छ।

(त) "समिति" भन्नाले दफा ३८ वमोजिम गठन भएको परियोजना समन्वय समिति सम्झनु पर्छ।

(थ) "मन्त्रालय" भन्नाले परियोजना कार्यान्वयन गर्ने श्री ५ को सरकारको सम्वन्धित मन्त्रालय सम्झनु पर्छ।

(द) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-२

## परियोजनाको कार्यान्वयन सम्बन्धी व्यवस्था

३. **निजी लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने:** निजी लगानीमा देहायका कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्न सकिनेछ:-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) अन्य यस्तै तरिकाबाट ।

४. **मनसायपत्र आव्हान गर्न सक्ने:** (१) श्री ५ को सरकारले यस अध्यादेश बमोजिम कुनै परियोजना कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले देहायका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र श्री ५ को सरकार समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ:-

(क) मनसायपत्र पेश गर्ने व्यक्तिको नाम र ठेगाना,

(ख) मनसायपत्र पेश गर्ने व्यक्तिको परियोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक हैसियत,

(ग) पूर्वाधार संरचना निर्माण तथा सञ्चालन सम्वन्धी अनुभव,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

५. **संक्षिप्त सूची तयार गर्ने:** श्री ५ को सरकारले मनसायपत्र प्राप्त भएको मितिले एक महिनाभित्र तोकिएको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ ।

६. **प्रस्ताव आव्हान गर्न सक्ने:** (१) श्री ५ को सरकारले दफा ५ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले देहायका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र श्री ५ को सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) परियोजनाको प्रारम्भिक संभाव्यता अध्ययन,

(ख) परियोजनाको प्रारम्भिक इन्जिनियरिङ्ग प्रारुप,

(ग) परियोजनाको अनुमानित लागत,

(घ) परियोजनाको प्रस्तावित वित्तीय स्रोत,

(ङ) परियोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन,

(च) परियोजना कार्यान्वयन सम्बन्धी विवरण,

(छ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(ज) परियोजना कार्यान्वयन सम्बन्धी प्रक्रिया,

(झ) तोकिए बमोजिमका अन्य विवरण ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै परियोजनाको पहिले नै सर्वेक्षण भइसकेको भए श्री ५ को सरकारले दफा ५ बमोजिम सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिएका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र श्री ५ को सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

७. **प्रस्ताव छनौट गर्नेः** (१) दफा ६ बमोजिम प्रस्ताव प्राप्त भएपछि श्री ५ को सरकारले प्रस्ताव प्राप्त भएको मितिले साठी दिनभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछः-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) श्री ५ को सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधार श्री ५ को सरकारले प्रस्ताव पेश गर्नु अघि प्रस्तावकलाई उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि श्री ५ को सरकारले त्यसको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ ।

८. **वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने:** (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि श्री ५ को सरकार समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिब देखिएमा श्री ५ को सरकारले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यत, अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकम श्री ५ को सरकारले आवश्यकता अनुसार समिति गठन गरी निर्धारण गर्न सक्नेछ ।

९. **वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने:** (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले देहायको अवस्थामा कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः-

(क) यस अध्यादेश बमोजिम कम्तीमा दुईपटक मनसायपत्र वा प्रस्ताव आव्हान गर्दा पनि आवश्यक सङ्ख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको, वा

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(घ) दुई अर्ब रुपैयाँभन्दा बढी लागत ईष्टिमेट भएको, वा

(ङ) समितिले वार्ताद्वारा कार्यान्वयन गर्न सिफारिस गरेको, वा

(च) कुनै कारणले यस अध्यादेश बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको ।

(२) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएका कुराहरु खुलाई श्री ५ को सरकार समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा श्री ५ को सरकारले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउनेछ ।

(४) यस दफा बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा श्री ५ को सरकारले निवेदकसँग दफा ६ को उपदफा (२) बमोजिमको विवरण माग गर्नेछ ।

१०. **समझदारीपत्र गर्न सकिने**: दफा ७ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा ९ को उपदफा (४) बमोजिम माग गरिएको विवरणका आधारमा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा श्री ५ को सरकारले प्रस्तावकसँग परियोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्र सम्पन्न गर्न सक्नेछ ।

तर परियोजनाको प्रकृति हेरी श्री ५ को सरकारले प्रस्तावकसँग प्रारम्भिक परियोजना सम्झौता गर्न सक्नेछ ।

११. **परियोजनाको विवरण पेश गर्नु पर्ने**: (१) दफा १० बमोजिम समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृति हेरी छ महिनामा नबढ्ने गरी श्री ५ को सरकारले तोकेको समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी देहायका विवरणहरु श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछः-

(क) परियोजनाको विवरण,

(ख) परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन,

(ग) परियोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(ङ) परियोजना चरणवद्ध रुपमा कार्यान्वयन गर्ने भए सोको विवरण,

(च) परियोजना कार्यान्वयन तरिका,

(छ) परियोजना कार्यान्वयन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,

(ज) परियोजना कार्यान्वयनको संस्थागत व्यवस्था,

(झ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिइने प्रस्तावित शुल्क,

(ञ) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा अन्य व्यक्तिसँग कुनै सम्झौता गरेको भए यसको विवरण,

(ट) परियोजना सञ्चालन गर्दा श्री ५ को सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी,

(ठ) लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण,

(ड) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) परियोजना कार्यान्वयन हुने क्षेत्र,

(ण) परियोजनाको कार्यान्वयन सम्बन्धमा प्रस्तावकले अवलम्बन गर्ने आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था,

(त) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले सो उपदफा बमोजिमको विवरण पेश गर्न नसक्ने कुनै मनासिब कारण देखाई समयावधि थपको लागि श्री ५ को सरकार समक्ष निवेदन दिएमा श्री ५ को सरकारले बढीमा तीन महिनाको समयावधि थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र प्रस्तावकले उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको विवरण पेश गर्न नसक्ने कारण देखाई श्री ५ को सरकार समक्ष दिएको निवेदन जाँचबुझ गर्दा सो मनासिब देखिएमा श्री ५ को सरकारले कुनै खास परियोजनाको हकमा त्यस्तो प्रस्तावकलाई सम्झौता भएपछि सो विवरण पेश गर्न पाउने गरी छूट दिन सक्नेछ ।

१२. <u>रद्द गर्न सक्ने</u>: (१) दफा ११ को उपदफा (१) वा (२) बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४४

विवरण अध्ययन गर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा श्री ५ को सरकारले त्यसको कारण खुलाई प्रस्तावकसँग समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेको भए त्यस्तो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा निजको प्रस्ताव रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समझदारीपत्र, प्रारम्भिक परियोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले श्री ५ को सरकारसँग कुनै किसिमको हानी नोक्सानी बापतको क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

१३. **सम्झौता गर्नेः** (१) दफा ११ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा श्री ५ को सरकारले प्रस्तावकसँग आवश्यकतानुसार वार्ता गरी समितिको सुझाव लिई सम्झौता गर्नेछ ।

(२) प्रस्तावकले दफा ११ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको विवरण श्री ५ को सरकारले तोकेको समयावधिभित्र पेश गर्नु पर्नेछ । सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा श्री ५ को सरकारले प्रस्तावकसँग गरेको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

१४. **सम्झौतामा खुलाउनु पर्ने कुराहरुः** सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजना कार्यान्वयन शुरु गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(च) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) परियोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरु,

(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ट) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ठ) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर,

(ड) श्री ५ को सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) अन्य आवश्यक कुराहरु ।

१५. **परफर्मेन्स वण्ड सम्बन्धी व्यवस्था:** प्रस्तावकले परफर्मेन्स वण्ड बापत परियोजनाको कूल लागतको शून्य दशमलव दुई पाँच प्रतिशत (०.२५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेन्टी सम्झौतामा उल्लिखित समयावधिभित्र श्री ५ को सरकार समक्ष दाखिला गर्नु पर्नेछ ।

१६. **अनुमतिपत्र दिने:** दफा १३ बमोजिम सम्झौता गरेपछि श्री ५ को सरकारले प्रस्तावकलाई परियोजनाको कार्यान्वयन गर्न अनुमतिपत्र दिनेछ ।

१७. **अन्य व्यक्तिलाई अनुमतिपत्र नदिइने:** परियोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्र दिई सकेपछि सोही क्षेत्रमा सो परियोजनालाई प्रतिकूल असर पर्ने गरी त्यस्तै किसिमको परियोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमतिपत्र दिइने छैन ।

१८. **अनुमतिपत्रको अवधि:** (१) अनुमतिपत्रको अवधि तीस वर्षमा नबढाई सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थपको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा श्री ५ को सरकारले बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

(३) अनुमतिपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ ।

१९. **अनुमतिपत्र रद्द गर्न सक्ने:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो अध्यादेश वा यस अन्तर्गत बनेको नियम वा सम्झौता विपरित कुनै काम गरेमा श्री ५ को सरकारले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुमति प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वत: रद्द भएको मानिनेछ ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले श्री ५ को सरकारसँग कुनै किसिमको दावी गर्न पाउने छैन ।

२०. **राष्ट्रियकरण नगरिने:** अनुमतिपत्रको अवधिभर कुनै पनि परियोजना र सोसंग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना राष्ट्रियकरण गरिने छैन ।

२१. **रोयल्टी बुझाउनु पर्ने:** रोयल्टी बुझाउने गरी सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित तरिकाबाट श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।

२२. **परियोजना हस्तान्तरण गर्नु पर्ने:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिए बमोजिम श्री ५ को सरकारलाई परियोजना हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ ।

२३. **श्री ५ को सरकारको स्वामित्व हुने:** दफा २२ बमोजिम हस्तान्तरण भएको परियोजना र सो सँग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामित्व श्री ५ को सरकारको हुनेछ ।

२४. **संयुक्त लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने:** (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको प्राथमिकतामा परेको कुनै खास परियोजनाको कार्यान्वयन श्री ५ को सरकारको र निजी क्षेत्रको संयुक्त लगानीमा गर्न सकिनेछ ।

तर श्री ५ को सरकारबाट गरिने लगानी परियोजनाको कूल लागतको पच्चीस प्रतिशत भन्दा बढी हुने छैन ।

(२) उपदफा (१) बमोजिम भएको लगानी परियोजना कार्यान्वयन गर्ने निजी क्षेत्रले श्री ५ को सरकारको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाब गरी दिन सकिनेछ ।

## परिच्छेद-४

## अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार

२५. **अन्य व्यक्तिसँग सम्झौता गर्न सक्ने:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा श्री ५ को सरकारको स्वीकृति लिई अन्य व्यक्तिसँग सम्झौता गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी सम्झौता भएको कारणले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले छूटकारा पाउने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२६. **घर जग्गा आदिमा प्रवेश गर्न सक्ने:** (१) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न वाली वा हुर्केका रुख विरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकवार, पर्खाल, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासीब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नु पर्नेछ ।

## परिच्छेद-५

## अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराइने सुविधा

२७. **घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने:** (१) परियोजना कार्यान्वयनको सिलसिलामा परियोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमतिपत्र प्राप्त व्यक्तिले श्री ५ को सरकार समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा श्री ५ को सरकारले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानी नोक्सानी बापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) वा दफा २६ को उपदफा (२) बमोजिम दिईने क्षतिपूर्ति निर्धारण गर्नको लागि तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानी नोक्सानीको नूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र श्री ५ को सरकार समक्ष उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरीमा श्री ५ को सरकारले गरेको निर्णय अन्तिम हुनेछ ।

२८. **घर जग्गा प्राप्त गरिदिने**: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैले खरीद गर्नु पर्नेछ । त्यसरी खरीद गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा श्री ५ को सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम संस्थालाई जग्गा प्राप्त गरे सरह प्राप्त गरिदिनेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनको लागि आवश्यक भएमा श्री ५ को सरकारले त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ ।

२९. **परियोजनाको सुरक्षा गर्न सक्ने**: (१) परियोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्ति आफैले गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई परियोजनाको खास किसिमको सुरक्षाको लागि श्री ५ को सरकारसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी श्री ५ को सरकारले त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न सक्नेछ ।

३०. **सहयोग उपलब्ध गराउनु पर्ने**: (१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा श्री ५ को सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी श्री ५ को सरकारले त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ ।

३१. **विदेशी विनिमयको सुविधाः** परियोजनाको कार्यान्वयनको लागि ऋृण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋृणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराइनेछ ।

३२. **प्रवेशाज्ञा सम्बन्धी सुविधाः** विदेशी लगानीकर्तालै परियोजना कार्यान्वयनको लागि यस अध्यादेश बमोजिम अनुमतिपत्र प्राप्त गरेमा निज़लाई प्रचलित कानून बमोजिम आवाशीय प्रवेशाज्ञा (भिसा) उपलब्ध गराइनेछ ।

३३. **विष्फोटक पदार्थको प्रयोगः** परियोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा श्री ५ को सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा निजलाई प्रचलित कानून बमोजिम त्यस्तो विष्फोटक पदार्थ प्रयोग गर्न अनुमतिपत्र दिनेछ ।

३४. **आयकर सम्बन्धी व्यवस्थाः** सम्झौता भएपछि सम्झौता गर्दाको बखत प्रचलित कानून बमोजिम बहाल रहेको आयकर सम्बन्धी व्यवस्था सम्झौताको अवधिभर कायम रहनेछ ।

## परिच्छेद-६

## बोर्डको गठन तथा शुल्क सम्बन्धी व्यवस्था

३५. **बोर्डको गठनः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना सञ्चालन गर्दा यस अध्यादेश बमोजिम लिन पाउने शुल्क पुनरावलोकन गर्नको लागि श्री ५ को सरकारले अनुमतिपत्र प्राप्त व्यक्ति र उपभोक्ता समेतको प्रतिनिधित्व रहने गरी तोकिए बमोजिमको एक पूर्वाधार संरचना सेवा शुल्क पुनरावलोकन बोर्ड गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डका सदस्यहरुको योग्यता, नियुक्ति, निजले पाउने सुविधा तथा बोर्डको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम बोर्डले शुल्क पुनरावलोकन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि गरेको वास्तविक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्च र सो बापत प्राप्त गर्न सक्ने मनासिव माफिकको प्रतिफलको आधारमा तोकिए बमोजिम गर्नेछ ।

(४) उपदफा (३) बमोजिम बोर्डले पुनरावलोकन गरेको शुल्कको दर श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

३६. **शुल्क उठाउन पाउने:** अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग शुल्क उठाउन सक्नेछ ।

३७. **सेवा सुविधाका शर्त तोक्न सक्ने:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस अध्यादेश वा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरित उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद-७

## समितिको गठन तथा अन्य व्यवस्था

३८. **समितिको गठन:** (१) परियोजना कार्यान्वयनका सम्बन्धमा समन्वय गर्न तथा परियोजनाको पहिचान तथा प्राथमिकता निर्धारण गर्न श्री ५ को सरकारलाई सुझाव दिनको लागि एक परियोजना समन्वय समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग -अध्यक्ष
(ख) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित क्षेत्र हेर्ने) - सदस्य
(ग) मुख्य सचिव, श्री ५ को सरकार - सदस्य
(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य
(ङ) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य
(च) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय - सदस्य
(छ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
(ज) सचिव, सम्बन्धित मन्त्रालय - सदस्य
(झ) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय - सदस्य सचिव

(३) समितिको सचिवालय राष्ट्रिय योजना आयोगको सचिवालयमा रहनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिले सम्बन्धित विषयमा विशेष ज्ञान हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

३९. **समितिको बैठक र निर्णय**: (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल गरिने विषयहरुको सूची बैठक बस्नु भन्दा तीन दिन अगावै समितिका सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४०. **परियोजनाको अनुगमन गर्न सक्ने**: (१) समितिले परियोजना कार्यान्वयनको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना अनुगमन गर्ने सिलसिलामा समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

४१. **निर्देशन दिन सक्ने**: समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

४२. **प्राविधिक समिति**: (१) परियोजनाको कार्यान्वयन सम्बन्धमा श्री ५ को सरकारलाई सुझाव दिनको लागि श्री ५ को सरकारले सम्बन्धित मन्त्रालयको सचिवको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा पाँच सदस्य रहेको एक प्राविधिक समिति गठन गर्नेछ ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको सम्बन्धित मन्त्रालयको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-८

## विवादको समाधान र क्षतिपूर्ति सम्बन्धी व्यवस्था

४३. **विवादको समाधान**: (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा श्री ५ को सरकार र अनुमतिपत्र प्राप्त व्यक्ति बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

४४. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था**: (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यस अध्यादेश वा यस अन्तर्गत बनेको नियम वा सम्झौता विपरित कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासीब रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति श्री ५ को सरकारबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति बापतको रकम हिसाब गरी श्री ५ को सरकारले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

## परिच्छेद-९

## विविध

४५. **परियोजनाको विवरण राख्नु पर्ने**: (१) श्री ५ को सरकारले समितिको सुझाव लिई दफा ३ बमोजिम कार्यान्वयन गरिने परियोजनाको पहिचान गरी सोको विवरण अद्यावधिक राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा श्री ५ को सरकारले सर्भेक्षण भए वा नभएका परियोजनाको छुट्टा छुट्टै विवरण राख्नु पर्नेछ ।

४६. **लिज वा भाडामा दिन वा बेच बिखन गर्न सक्ने**: (१) श्री ५ को सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो वा श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामित्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाडामा दिन, कुनै मेशिन, औजार वा पूर्वाधार संरचना बिक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिंदाका शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

४७. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

४८. **अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहनेः** दफा ६ बमोजिम प्रस्तावकले प्रस्ताव साथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकको लिखित स्वीकृति विना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

४९. **नियम बनाउने अधिकारः** यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

५०. **बचाउः** सम्वत् २०६१ साल फागुन ३ गते जारी भएको "पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी अध्यादेश, २०६१" बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः-२०६२।५।१।४

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्यः रू. १५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६४